23. **<u>निर्णय प्रमाणित गर्ने</u>** ११० सभाको बैठकले गरेका निर्णय अध्यक्षले प्रमाणित गर्नेछ ।

९२० उपदफा ९१० बमोजिमको निर्णय सुरक्षित राख्ने र कार्यान्वयन गर्ने गराउने कार्य सभाको सचिवले गर्नेछ ।

## परिच्छेद(३

## <u>स्थानीय कानून निर्माण गर्ने प्रक्रिया</u>

24. **<u>स्थानीय कानून निर्माण गर्दा विचार गर्नु पर्ने पक्षहरुः</u>** (१) सभाले स्थानीय कानून निर्माण वा संशोधन गर्दा अन्य कुराको अतिरिक्त देहायको विषयमा विचार गर्नु पर्नेछ,

क) संविधान बमोजिम आफ्नो अधिकारको विषयमा पर्ने वा नपर्ने,

ख) संविधान, संघीय कानून तथा प्रदेश कानूनको व्यवस्था,

ग) त्यस्तो कानून, स्वच्छ, न्यायपूर्ण तथा तर्क संगत हुन वा नहुने,

घ) निर्माण गर्न लागिएको स्थानीय कानूनको व्यवहारिक कार्यान्वयन हुन सक्ने वा नसक्ने,

ङ) कानून कार्यान्वयनको लागि आवश्यक पर्ने आर्थिक स्रोत तथा संस्थागत संरचना,

च) सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त वा भएको आदेश,

छ) नेपाल सरकार, संघीय संसद्, प्रदेश सरकार वा प्रदेश सभाले त्यस्तै विषयमा आधारभूत कानून निर्माण गरेको भए सोमा भएको व्यवस्था

ज) नेपाल सरकार वा प्रादेशिक सरकारले नमूना कानून उपलब्ध गराएको भए सोमा भएको व्यवस्था,

झ) नेपालले अन्तराष्ट्रिय स्तरमा जनाएको प्रतिवद्धता,

ञ) सम्बन्धित स्थानीय तहले निर्माण गरेको अन्य स्थानीय कानूनहरुसँगको तालमेल तथा सौहाद्रता,

ट) जिल्लाभित्रका अन्य स्थानीय तह वा अन्य जिल्लासँग सिमाना जोडिएका स्थानीय तहको हकमा त्यस्ता जिल्लाका स्थानीय तहले बनाएको स्थानीय कानूनको व्यवस्था,

ठ) गाउँकार्यपालिकाले निर्धारण गरेका अन्य आवश्यक विषयहरु ।

केशव नन्द वनिया
गाउँपालिका अध्यक्ष